**गत आ.व.का उपलब्धिहरु :**

नगरपालिकाको कार्यालयको आफ्नै भवन निमार्णकार्य शुरुवात भई एक तला तयार भएको छ ।

पूर्वाधार निमार्णको कार्य मितब्ययी, सहज, सुलभ बनाउन मेशीनरी औजार तथा उपरकणहरुको उपलब्धता भएको छ ।

न.पा.भित्रका नयाँ सडक निमार्ण तथा स्तरोउन्नति हुन नसकेको विगतका सडकहरुको स्तरोउन्नति हुनुका साथै पि.सि.सि. / आ.सि.सि.बाटोहरुको निमार्ण भई स्थानीय जनताको जनजिवनमा सहजता आएको छ ।

सडक किनारा तथा विभिन्न वस्तिहरुमा साइडलाइट विस्तार गरि विद्युतीय सेवामा विस्तार भएको छ ।

न.पा. भित्र आन्तरिक सडक संजाल जोड्ने सडकको तथा न.पा.भित्रका सम्पूर्ण विद्यालयहरुको डिपिआर तयार भएको छ ।

**चुनौतीहरु :**

न.पा. भित्रका स्थानहरुमा आन्तरिक सडक सन्जालले जोडनुका साथै न.पा.लाई हुलाकि राजमार्ग तथा अन्य बाह्य सडक सन्जालमा जोडनु ।

विद्युतीय सेवाको विस्तार गर्न विद्युतिय लाइन विस्तार एवं जडान गर्नु ।

सन्चारसेवाको पहुच अभिबृद्धि गर्नुका गुणस्तरियता कायम गर्नु ।

भौगोलिक कठिनाई, छरिएर रहेको बस्ती लगायतका कारणले पूर्वाधार निमार्णमा उच्च लागत हुनु ।

**१.१.४ वातावरण तथा विपद् व्यवस्थापन :**

यस न.पा.ले वन, जलाधार संरक्षण,वातारण संरक्षण,ढल ब्यवस्थापन जलउत्पन्न प्रकोप नियन्त्रण,विपद् ब्यस्थापन क्षेत्रलाई उच्च प्राथमिकतामा राखि चालु आ.व. को अन्त्य सम्ममा रु ७८,९५,०००।०० रकम विनियोजन गरेको थियो । यसबाट यस न.पा.का समग्र वातावरण संरक्षण एवं विपद् व्यवस्थापनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**गत आ.व.का उपलब्धिहरु :**

बाढिको उच्च जोखिममा रहेका वर्सतिहरुको सिमाङ्कन गरि वागमति नदी किनारामा नदि कटान नियन्त्रण गर्न अस्थाई स्परको निमार्ण गरियो ।

न.पा.को क्षेत्र भित्र वृक्षारोपणका कार्यक्रमहरु संन्चालन गरिएका छन ।

विपद्कालिन समयमा राहत तथा उद्दार सामग्रीहरुको उपलब्धता भएको छ ।

विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ ।

एयटा ओटा सामुदायिक नर्सरीहरुको स्थापना गरि स्थानीय वनजंगलको संरक्षण एवं सम्बद्धन भई वातावरण संरक्षणमा समेत मद्दत पुगेको छ ।

**चुनौतीहरु :**

न.पा.भित्र बाढिको उच्च जोखिममा रहेका वर्सतिहरुको सिमाङ्कन गरि नियन्त्रणका लागि तदअनुरुपका क्रियाकलाप सन्चालन गर्नु ।

जलवायु परिवर्तनका प्रतिकुल असरहरुबाट प्राकृतिक स्रोत साधन एवं जीवजन्तुको संरक्षण गर्नु ।